**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) अनुसारको प्रयोजनको लागि भन्सार विभागसँग सम्बन्धित २०७३ मंसीर देखि चैत्र सम्मका सूचनाहरु उक्त दफा ५ को उपदफा (४) वमोजिम अद्यावधिक गरी प्रकाशन गरिएको छ ।**

**(क) निकायको स्वरुप र प्रकृतिः-** नेपाल सरकारको कार्य सञ्चालनको लागि नेपाल सरकार (कार्य विभाजन) नियमावली २०६९ वमोजिम स्थापित ३१ वटा मन्त्रालयहरु मध्ये अर्थ मन्त्रालय अन्तर्गत रही राजस्व प्रशासन क्षेत्रसँग सम्बद्ध कार्य गर्ने विभागीयस्तरको निकायको रुपमा भन्सार विभाग क्रियाशिल रहेको छ ।

**(ख) निकायको काम, कर्तव्य र अधिकारः-** भन्सार विभागको काम, कर्तव्य र अधिकार देहाय अनुसार तोकिएका छन् :-

- भन्सार प्रशासनसँग सम्बद्ध विषयहरुमा नीति तर्जुमा गरी अर्थ मन्त्रालयमा सिफारिस गर्ने ।
- नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरे बमोजिमका व्यक्तिहरुले वैंक जमानत, सोही सूचनामा तोकिएवमोजिम मालवस्तुमा महसुल छुट सुविधा अन्तर्गत पैठारी गर्ने सुविधा प्रदान गर्ने ।
- आयात निर्यातलाई व्यवस्थित गरी व्यापार सहजीकरण गर्ने ।
- भन्सार सुधार तथा आधुनिकीकरणका निम्ति योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने, इन्टेलिजेन्स तथा जोखिम व्यवस्थापन मार्फत राजस्व परिचालनलाई सुरक्षित बनाउने, अवैध व्यापार नियन्त्रण गर्ने ।
- निषेधित एवम् प्रतिबन्धित मालवस्तु ओसारपसार निगरानी गरी समाजलाई सुरक्षित बनाउने ।
- मातहतका कार्यालयहरुको नियमित अनुगमन गरी सेवाप्रवाहलाई प्रभावकारी बनाउने ।
- कर्मचारीहरुको मनोबल अभिवृद्धि एवम् सदाचार पद्धतिको विकासमा ध्यान दिने ।
- विद्यमान ऐन कानून अनुरुप समूचित राजस्व सङ्कलन गर्ने ।
- वण्डेड वेयरहाउसको सुविधा प्रदान तथा नविकरण गर्ने ।
- भन्सार एजेन्टको इजाजतपत्र प्रदान तथा नविकरण गर्ने ।

- भन्सार राजस्व लक्ष्य अनुसार संकलन गर्ने ।
- भन्सार कार्यालयहरुमा आवश्यक बजेट उपलब्ध गराउने ।
- बढुवा नयाँ भर्ना बाहेक जनशक्ति व्यवस्थापन गर्ने ।
- स्वेदशी तालिममा मनोनयन गर्ने, विदेशी तालिम मनोनयनको लागि सिफारिस गर्ने ।
- जिन्सी निरीक्षण र व्यवस्थापन गर्ने ।
- विभाग तथा कार्यालयहरुको बजेट तर्जुमा, निकासा र वाँडफाँड गर्ने ।
- बजेट खर्च तथा अनुगमन गर्ने ।
- केन्द्रीय हिसाव राख्न आर्थिक विवरण तयार गर्न र म.ले.प. गराउने ।
- वेरुजु फछ्र्यौट गर्ने गराउने ।
- स्थानीय भन्सार कार्यालयको नियमित अनुगमन / निरीक्षण गर्ने ।
- भन्सार एजेन्टको नियुक्ति नविकरण तथा अनुगमन गर्ने ।
- विश्व भन्सार संगठन सित आवश्यक सूचना प्रवाह गर्ने ।
- बैंक ग्यारेन्टीको अनुगमन गर्ने ।
- कारोवार मुल्यको अनुगमन गर्ने र कार्यालयलाई मूल्यांकनको तथ्यांक उपलब्ध गराउने ।
- स्थानीय भन्सार नाकाहरुवाट निर्धारण गरेका कारोवार मूल्यको विश्लेषण गर्ने ।
- मूल्यांकन सम्बन्धी पुनरावलोकन गर्ने ।
- छनौटको आधारमा Post Clearance Audit (PCA) गराउने ।
- भन्सार सूचना प्रणाली (ASYCUDA) विस्तार कार्यान्वयन र अनुगमन गर्ने ।
- भन्सार प्रशासनलाई यान्त्रिकरण तथा आधुनिकीकरण गर्ने योजना वनाउने ।
- विद्युतीय संचार प्रणाली प्रभावकारी रुपमा विकास गराउने ।
- राजस्वको दैनिक, मासिक तथा वार्षिक असूली अभिलेख अद्यावधिक गर्ने, तथ्यांक प्रशोधन तथा विश्लेषण गर्ने ।
- वार्षिक रुपमा वैदेशिक व्यापारको वस्तुगत तथ्यांक विवरण तयार गर्ने ।
- द्धिविधा परेका वस्तुहरुको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परामर्शवाट वर्गीकरणको टुंगो लगाउने ।
- भन्सार दरवन्दी संशोधनको प्रारम्भिक प्रस्ताव तयार गर्ने र निर्णय भएपछि दरवन्दी पुस्तिका प्रकाशित गर्ने ।
- कानून वमोजिम भन्सार महसुल छुट दिने ।

- भन्सार कार्यालयहरु निरीक्षण तथा अनुगमन गरी सुधारका निम्ती कार्ययोजना वनाई लागू गर्ने ।
- विभिन्न किसिमको रासायनिक पदार्थ र अन्य वस्तुहरुको नमूना परीक्षण गरी वर्गीकरणको निर्णय गर्ने ।
- भन्सार प्रशासनसँग सम्वन्धीत उजुरीको आवश्यक फर्छ्यौट गर्ने ।

**(ग) निकायमा रहने कर्मचारी संख्या र कार्यविवरणः-**

**कर्मचारी संख्याः**

- रा.प. प्रथम श्रेणी (प्रशासन) पद संख्या ३
- रा.प. द्धितीय श्रेणी (राजस्व) पद संख्या ६
- रा.प. द्धितीय श्रेणी (प्रशासन) पद संख्या १
- रा.प. द्धितीय श्रेणी (लेखा) पद संख्या १
- रा.प. द्धितीय श्रेणी (केमिष्ट्री) पद संख्या १
- रा.प. द्धितीय श्रेणी (आर्थिक योजना तथा तथ्यांक) पद संख्या १
- रा.प. द्धितीय श्रेणी (विविध) पद संख्या २
- रा.प. तृतीय श्रेणी (राजस्व) पद संख्या २१
- रा.प. तृतीय श्रेणी (सा.प्र.) पद संख्या २
- रा.प. तृतीय श्रेणी (विविध) पद संख्या ११
- रा.प. तृतीय श्रेणी (इन्जि कम्प्यू) पद संख्या ३
- रा.प. तृतीय श्रेणी (लेखा) पद संख्या १
- रा.प. तृतीय श्रेणी (आर्थिक योजना तथा तथ्यांक) पद संख्या २
- रा.प. तृतीय श्रेणी (कानून) पद संख्या १
- रा.प. तृतीय श्रेणी (केमिष्ट) पद संख्या ३
- माइक्रोबायोलोजिष्ट (सेवा करार) पद संख्या १
- रा.प.अ. प्रथम श्रेणी (राजस्व) पद संख्या २८
- रा.प.अ. प्रथम श्रेणी (लेखा) पद संख्या २
- रा.प.अ. प्रथम श्रेणी (विविध) पद संख्या २
- रा.प.अ. प्रथम श्रेणी (केमिष्ट्री) पद संख्या २

- रा.प.अ. प्रथम श्रेणी (सा.प्र.) पद संख्या १
- रा.प.अ. प्रथम श्रेणी (सा.प्र.) टाइपिष्ट पद संख्या ४
- रा.प.अ. प्रथम श्रेणी (आर्थिक योजना तथा तथ्यांक) भ.स.नि. पद संख्या १
- रा.प.अ. द्धितीय श्रेणी (इलेक्ट्रिसियन) पद संख्या १
- रा.प.अ. द्धितीय श्रेणी (अ.ल्या.टे.) पद संख्या १
- हलुका सवारी चालक पद संख्या १०
- ल्याब व्याई (सेवा करार) पद संख्या १
- कार्यालय सहयोगी पद संख्या २०
- स्वीपर पद संख्या २

**कूल जम्मा १३५**

**(ङ) सम्पादन गरेको कामको विवरणः-**

- वण्डेड वेयर हाउस सुविधाको लागि नयाँ इजाजतपत्र प्रदान गरिएको सङ्ख्या- १ वटा ।
- वण्डेड वेयर हाउस सुविधाको लागि इजाजतपत्र नविकरण गरिएको सङ्ख्या- ४ वटा ।
- भन्सार एजेन्टको इजाजतपत्र नविकरण गरिएको सङ्ख्या- ० वटा ।
- Hot line, Hello सरकार लगायत विभिन्न निकायमा परेका १४ वटा उजुरीहरुको फछ्र्यौट गरिएको ।
- महसुल वर्गीकरणको गरिएको - ५ वटा ।
- श्रावण देखी फाल्गुन सम्मको अवधिमा रु १०३४९८८०००।- वेरुजु फछ्र्यौट गरिएको ।
- WAN अन्तर्गत प्रत्यक्ष अनुगमनवाट देखिएका कैफियतहरुको सच्याउन लगाएको कारणवाट रु. १५९३०३१७।- थप प्राप्त राजस्व प्राप्त भएको ।
- भन्सार ऐन २०६४ को दफा ९ वमोजिम ४२७ वटा consignment हरुमा कुटनैतिक सुविधा प्रदान गरिएको ।
- भन्सार ऐन २०६४ को दफा ९ वमोजिम ४७७ वटा consignment हरुमा महसुल सुविधा प्रदान गरिएको ।
- भन्सार ऐन २०६४ को दफा ९ वमोजिम विभिन्न आयोजनाहरुको १८४ वटा consignment का लागि छुट सुविधा प्रदान गरिएको ।

- ७३८ वटा वस्तुहरुको प्रयोगशाला परीक्षण संख्या तथा वर्गीकरण गरिएको ।
- १ पटक भन्सार मूल्यांकन गोष्ठी सम्पन्न भएको ।
- विभिन्न माध्यम (सेवाग्राही स्वयं उपस्थिति, टेलिफोन सम्पर्क र ईमेल) वाट जम्मा २२८७ जना सेवाग्राहीवाट सोधिएका मुख्य मुख्य प्रश्नहरुको जवाफ प्रदान गरिएको ।
- आर्थिक ऐन, २०७२ को दफा १८ र आर्थिक ऐन, २०७३ को दफा १९ बमोजिम पटके रुपमा विभिन्न वस्तुहरुमा दिइएको महसुल छुटको विवरण प्राप्त भए सम्मको अध्यावधिक गरिएको ।
- अर्थ मन्त्रालयबाट स्वीकृत विभिन्न आयोजनाहरुको माष्टर लिष्ट अनुसार दिइएको छुटको विवरण अध्यावधिक गरिरहेको ।
- Baggage X-ray Machine खरिदका लागि सूचना प्रकाशन गरिएको ।
- Nepal Single Window System सम्बन्धि कार्यका लागि सूचना प्रकाशन गरिएको ।
- विभाग र मातहतका लागि सवारी साधन खरिद गर्न सूचना प्रकाशन गरिएको ।
- लोकसेवा आयोगको छनौट परीक्षाबाट उत्तिर्ण भई सिफारिस भई आएका नायब सुब्बा ७ जना कर्मचारीहरुको नियुक्ति तथा पदस्थापना गरीएको ।
- भन्सार विभाग र अन्तर्गतका शाखा अधिकृत रा.प. श्रेणीका ८ जना कर्मचारीहरुका लागि ३५ दिने सेवाकालिन तालिममा सहभागिताका लागि मनोनयन गरी पठाइएको ।
- भन्सार कार्यालयहरुको सम्पर्क निर्देशकको जिम्मेवारी सहित आवश्यकता अनुसार अनुगमन गर्न टोली गठन गरीएकोमा सो टोली द्वारा विभिन्न भन्सार कार्यालयहरुको निरिक्षण गरी पेश भएको निरिक्षण प्रतिवेदन कार्यान्वयन गर्न कार्यालयहरुमा निर्देशन गरिएको ।
- भन्सार सुधार तथा आधुनिकीकरण रणनिति र कार्ययोजना ( CRMSP) 2017-2021 को अनुमोदन ।
- मेची र विराटनगर भन्सार कार्यालयको Time Release Study (TRS) को अनुमोदन ।
- Line Ministry Budget Information System (LMBIS) अनुसार बजेटको तयारी गर्न लेखा, कम्प्युटर र आवश्यकतानुसार कार्यालय प्रमुख वा भन्सार अधिकृत समेत रहेको ३ सदस्यीय टोलीलाई स्गलगत प्रशिक्षण दिने उद्देश्यले ६ वटा भन्सार कार्यालयहरुमा १ दिने प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।
- निकासी पैठारी सँकेत नम्बर (EXIM Code) जारी गर्ने सम्बन्धी कार्यविधी २०७२ लाई खारेज गरी नयाँ निकासी पैठारी सँकेत नम्बर प्रदान गर्ने कार्यविधी, २०७३ तयारी गरीएको ।

- निकासी पैठारी सँकेत नम्बर (EXIM Code) प्रदान गर्ने सम्बन्धमा प्रचारप्रसार गर्न र जानकारी गराउने उद्‌देश्यले रुपन्देहीमा रहेका ५ वटा वाणिज्य सँघ, भन्सार एजेन्टस् सँघ तथा पूर्व भन्सार एजेन्टस् सँघका पदाधिकारीहरु रहेको टोलीलाई भैरहवा भन्सार कार्यालयमा आमन्त्रण गरी अन्तरकृया सम्पन्न गरीएको ।
- मेची र भैरहवा भन्सार कार्यालयमा रहेको सेवाग्राही सेवाकक्षको निरिक्षण एवम् उपयुक्त लेआउट अनुसार सेवाग्राही सेवाकक्षको व्यवस्थापन गर्न निर्देशन दिइयो ।
- वीरगन्ज भन्सार कार्यालयमा Asycuda World सन्चालानार्थ तहाँ कार्यरत कर्मचारीहरु र भन्सार एजेन्ट/प्रतिनिधीहरुको लागि आवश्यक तालिम सन्चालन गरियो ।
- Data Center लाई Active Stand Mode को अवस्थामा सन्चालनमा ल्याउने काम भयो ।
- Data Recovery Center को स्थापना GIDC मा गरियो ।
- Asycuda World को लागि प्रयोग हुँदै आएको Serverलाई Data Center मा स्थानान्तरण गर्ने कार्य गरियो ।
- रसुवा भन्सार कार्यालयमा INTRANET CONNECTIVITY व्यवस्थापन कार्य भई कार्यान्वयन भएको ।
- आर्थिक ऐन,२०७३ ले गरेका परिवर्तनहरुलाई समेत समावेश गरी भन्सार महसुल दरवन्दी पुस्तक (नेपाली र अंग्रेजी) र एकिकृत महसुल दरवन्दी पुस्तक नेपालीमा प्रकाशन गरी सकिएको ।
- Account Software सेवा देखि कार्यका लागि प्रक्रिया अगाडी बढाइएको ।
- विभाग र अन्तर्गतका कार्यालयहरुको वार्षिक कार्ययोजना तयार भइ प्रकाशन भएको ।
- भन्सार कार्यालयहरुको सम्पर्क निर्देशकको जिम्मेवारी सहित आवश्यकता अनुसार अनुगमन गर्न टोली गठन गरीएकोमा सो टोली द्‌वारा विभिन्न भन्सार कार्यालयहरुको निरिक्षण गरी पेश भएको निरिक्षण प्रतिवेदन कार्यान्वयन गर्न कार्यालयहरुमा निर्देशन गरिएको ।
- Line Ministry Budget Information System (LMBIS) अनुसार बजेटको तयारी गर्न ८ वटा भन्सार कार्यालयहरुका लेखा, कम्प्युटर र आवश्यकतानुसार कार्यालय प्रमुख वा भन्सार अधिकृत समेत रहेको ३ सदस्यीय टोलीलाई स्गलगत प्रशिक्षण दिने उद्‌देश्यले सुक्खा भन्सार कार्यालयमा १ दिने प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको ।
- निकासी पैठारी सँकेत नम्बर (EXIM Code) जारी गर्ने सम्बन्धी कार्यविधी २०७३ का मूख्य -मूख्य प्रावधानहरुका बारेमा व्यापार सहजीकरणको बैठकमा छलफल गरिएको ।
- निकासी पैठारी सँकेत नम्बर (EXIM Code) प्रदान गर्ने सम्बन्धमा प्रचारप्रसार गर्न र जानकारी गराउने उद्‌देश्यले वीरगन्जस्थित उद्‌योग वाणिज्य सँघको सभाहलमा सरोकारवालाहरुबीच अन्तरकृया सम्पन्न गरीएको ।

- EXIM Code Software सम्बन्धी जानकारी गराउने उद्देश्यले भन्सार विभाग र अन्तर्गतका कार्यालयहरुका कर्मचारीहरुलाई Sostware बाट Online फाराम भर्ने र Admin ले उक्त फाराम Approve गरी Online मार्फत सम्बन्धित पक्षलाई पठाउने सम्बन्धि Training for Trainers (TOT) प्रदान गरिएको ।
- वीरगन्ज भन्सार कार्यालयमा Asycuda World को Testing कार्य सफल भएपश्चात Asycuda World को Live सुरुवात गरिएको ।
- वीरगन्ज भन्सार कार्यालयमा Asycuda World सन्चालानार्थ तहाँ कार्यरत भन्सार एजेन्ट/प्रतिनिधीहरुको लागि आवश्यक तालिम सन्चालन गरियो ।
- रसुवा भन्सार कार्यालयमा IP Camera सन्चालनमा ल्याइएको ।
- कन्चनपुर र सुनसरी भन्सार कार्यालयमा Connectivity व्यवस्थापन गरी IP Camera सन्चालनमा ल्याइएको ।
- सर्लाही, गौर, जलेश्वर र सिरहा भन्सार कार्यालयहरुमा सिस्को राउटर जडान गरी INTRANET CONNECTIVITY व्यवस्थापन कार्य गरिएको ।
- भारत तथा तेस्रो मुलुकबाट आयात हुने मालवस्तुको मूल्य सम्बन्धमा नेपाल उद्योग वाणिज्य महासँघ लगायत विभिन्न ८ वटा सँघ सँस्थाहरुबाट राय सुझाव माग गरिएको ।
- अन्तर भन्सार कार्यालयस्तरीय हाजिरीजवाफ प्रतियोगिता सम्पन्न गरिएको ।
- वर्गीकरण निर्णय सँग्रह, २०७३ र परिपत्र सँग्रह, २०७३ प्रकाशन गरिएको ।
- करिब ३ लाख ५० हजार मालवस्तुको बजार मूल्य लाई Valuation Database थप परिमार्जित गरी करिब ३ लाख ४ हजार मालवस्तुको बिक्रि मूल भन्सार कार्यालयहरु र भन्सार जाँचपास परीक्षण कार्यालयलाई सूचना मूल्यको रुपमा लागू गर्न पत्राचार गरिएको।
- ६५ औँ अन्तर्राष्ट्रिय भन्सार दिवस २६ जनवरी २०१७ भव्यताकासाथ मनाइएको ।
- कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीका परिसूचकहरु परिमार्जन गरी स्वीकृतिका लागि अर्थ मन्त्रालयमा पेश गरिएको ।
- भन्सार स्मारिका प्रकाशन गरिएको ।
- भन्सार समाचार प्रकाशन गरिएको।
- भन्सार सुधार तथा आधुनिकीकरण रणनिति र कार्ययोजना ( CRMSP) 2017-2021 को मस्यौदा स्वीकृति भइ सार्वजनिकरण गरिएको ।
- मेची र विराटनगर भन्सार कार्यालयको Time Release Study (TRS) को प्रतिवेदन तयार गरि सार्वजनिक गरिएको ।
- Line Ministry Budget Information System (LMBIS) अनुसार आगामी आ.व. २०७३/०७४

को बजेटको तयारी गर्न  नेपालगन्ज, कोइलाबास र गुलरिया भन्सार कार्यालयहरुको पायक पर्ने स्थान नेपालगन्ज भन्सार कार्यालयमा माघ १० गते र कैलाली भन्सार कार्यालयहरुको पायक पर्ने स्थान कन्चनपुर भन्सार कार्यालयमा माघ २८ गते  १ दिने प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको ।

- EXIM Code कार्यान्वयनमा ल्याउने अभिप्रायले ६५ औं भन्सार दिवसको अवसरमा माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्रीज्यूबाट २ जनालाई EXIM Code प्रमाणपत्र वितरण गरिएको ।
- निकासी पैठारी सँकेत नम्बर (EXIM Code) प्रदान गर्ने सम्बन्धमा प्रचारप्रसार गर्न र जानकारी गराउने उद्देश्यले नेपालगन्जस्थित उद्योग वाणिज्य सँघको सभाहलमा माघ २६ गते र कैलालीस्थित उद्योग वाणिज्य सँघको सभाहलमा माघ २७ सरोकारवालाहरुबीच अन्तरकृया सम्पन्न गरीएको ।
- सवारी साधन खरिद गरी विभिन्न भन्सार कार्यालयहरुमा हस्तान्तरण गरिएको ।
- Account Software/ PIS Software/ Baggage Detection Tag ( RFID) रसुवा भन्सार कार्यालयका लागि IP Camera सेवा खरिद सम्बन्धि कार्यका लागि कार्यादेश दिइएको ।
- Baggage X-ray/ Single Window System को बोलपत्र आव्हान भई प्राविधिक प्रस्ताव मूल्यांकन भई रहेको ।
- रसुवा भन्सार कार्यालयमा IP Camera जडान गरी WAN Monitoring कार्य सुरु गरिएको ।
- वीरगन्ज भन्सार कार्यालयमा संचालानार्थ Asycuda World मा Vehicle Based Selectivity Criteria को कार्यान्वयन गरियो ।
- Asycuda World को विस्तारको लागि विराटनगर, भैरहवा र कृष्णनगर भन्सार कार्यालयमा Network Assessment को कार्य सम्पन्न भयो ।
- Design, Supply and Build National Single Windows System in Nepal को First Stageको लागि आव्हान गरिएका बोलपत्रहरुको  Document खोली चेकजाँच गरियो र मूल्यांकनको लागि समितिमा पठाउने कार्य सम्पन्न भयो ।
- WCO द्वारा तयार गरिएको हार्मोनाइज्ड वस्तु वर्गीकरण तथा संकेतीकरण प्रणाली (छैंटौं) संस्करण २०१७ बमोजिम अद्यावधिक पुस्तक (English Version) तयारी गर्ने क्रममा साविकको भन्सार दरबन्दीमा भएका मालवस्तुको शीर्षक उपशीर्षक व्याख्या तथा विवरण अद्यावधिक गर्ने कार्य सम्पन्न भएको ।
- भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा  १७ बमोजिम खेल्ने तासको पुन: मूल्यांकन गर्न विभागबाट भएको निर्णयानुसार भैरहवा भन्सार कार्यालयलाई लेखी पठाइएको ।

- भैरहवा भन्सार कार्यालयमा Asycuda World सन्चालनार्थ तहाँ कार्यरत एजेन्ट/प्रतिनिधिहरुको लागि तालिम संचालन गरियो ।
- विराटनगर भन्सार कार्यालयमा Asycuda World सन्चालनार्थ तहाँ कार्यरत एजेन्ट/प्रतिनिधिहरुको लागि तालिम संचालन गरियो ।
- भैरहवा भन्सार कार्यालयमा Asycuda World को Live सुरुवात गरियो ।
- गौर सर्लाही जनकपुर सिरहा र राजविराज भन्सार कार्यालयमा आशिकुडा प्रणालीको अनुगमन गरियो ।
- भन्सार सुधार तथा आधुनिकीकरण रणनिति र कार्ययोजना ( CRMSP) 2017-2021 कार्यान्वयनका लागि विषयगत कार्यदल गठन गरिएको ।
- भन्सार सुधार तथा आधुनिकीकरण रणनिति र कार्ययोजना ( CRMSP) 2017-2021 लाई नेपालीमा अनुवाद गर्ने काम सुरु भएको ।
- वन्डेड वयरहाउसको आकस्मिक निरिक्षण गर्न कार्यलयहरुलाई निर्देशन गरिएको ।
- Line Ministry Budget Information System (LMBIS) अनुसार आगामी आ.व. २०७३/०७४ को बजेटको तयारी गर्न त्रि.वि.स्थल, रसुवा,तातोपानी भन्सार कार्यालयहरु र भन्सार जाँचपास परीक्षण कार्यालय को पायक पर्ने स्थान भन्सार विभागको सभाहलमा तालीम तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको ।
- EXIM Code प्रणाली तथा कार्यविधि सम्बन्धमा भैरहवा भन्सार कार्यालयको सभाहलमा रुपन्देही र कपिलवस्तु जिल्लाका उद्योगी व्यावसायीहरु बीच छलफल तथा अन्तर्क्रिया सम्पन्न भएको ।
- निकासी पैठारी सँकेत नम्बर (EXIM Code) प्रणाली का सरोकारवाला ( वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, नेपाल राष्ट् बैंक र बैंकर्स एशोसियसनका आधिकारिक प्रतिनिधिहरु) बीच EXIM Code System कार्यान्वयनका लागि निभाउनुपर्ने आ-आफ्नो निकायगत भूमिका विषयमा जानकारी तथा छलफल कार्यक्रम सम्पन्न गरीएको ।
- भन्सार जाँचपास परीक्षण कार्यालयमा Intranet Connectivity संचालन गरिएको।
- विराटनगर भन्सार कार्यालयमा Asycuda World सन्चालनार्थ तहाँ कार्यरत कर्मचारीहरुको लागि तालिम संचालन गरियो ।
- भैरहवा भन्सार कार्यालयमा Asycuda World सन्चालनार्थ तहाँ कार्यरत कर्मचारीहरुको लागि तालिम संचालन गरियो ।
- Design, Supply and Build National Single Windows System in Nepal को First Stageको लागि आव्हान गरिएका बोलपत्रहरुको Document Evaluation कार्य भइरहेको ।
- भन्सार व्यवस्थापन सम्बन्धमा छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको ।
- पिसिएको लागि फर्म छनौट गरी पिसिए कार्यालय लगायत विभिन्न ९ वटा भन्सार

कार्यालयहरु लाई लेखि पठाइएको ।

- सबै भन्सार कार्यालयहरुलाई नयाँ भन्सार एजेन्टको थप आवश्यक संख्या बारे विवरण माग गरिएको ।
- विराटनगर भन्सार कार्यालयमा Asycuda World प्रणालीको सुरुवात गरियो ।
- Customs Tarrif छैठौँ संस्करण अंग्रेजी प्रति नेपाली अनुवादका लागि दरभाउपत्र स्वीकृत भई सेवा परामर्श प्रक्रिया अगाडी बढेको ।
- Baggage X ray Machine को Technical Specification प्रभावग्राही भएको प्राविधिक समितिबाट पेश हुन आएको आर्थिक प्रस्ताव खोल्न ADB सँग No Objection Letter को माग कार्य गरिएको ।
- भन्सार सुधार तथा आधुनिकीकरण रणनिति र कार्ययोजना ( CRMSP) 2017-2021 कार्यान्वयनका लागि विषयगत कार्यदल गठन गरि छलफल गरिएको ।
- संशोधित क्योटो महासन्धिको प्रावधान अनुकुल हुने गरी भन्सार कानुनमा संशोधन गरिनुपर्ने विषयहरु पहिचान गरी संशोधनको मस्यौदा कार्य भइरहेको ।
- कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रणालीका परिसूचकहरु स्वीकृत भई कार्यान्वयनका लागि परिपत्र गरिएको ।
- EXIM Code प्रणाली तथा कार्यविधि सम्बन्धमा मेची उद्योग वाणिज्य संघका प्रतिनिधिहरु, उद्योगी व्यावसायीहरु, भन्सार एजेन्टहरु तथा सरोकारवालाहरु बीच छलफल, अन्तर्क्रिया तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको ।
- EXIM Code प्रणाली तथा कार्यविधि सम्बन्धमा भन्सार विभागको सभाहलमा उद्योगी व्यावसायीहरु, भन्सार एजेन्टहरु तथा सरोकारवालाहरु बीच छलफल तथा अन्तर्क्रिया सम्पन्न भएको ।
- EXIM Code प्रणाली तथा कार्यविधि सम्बन्धमा विराटनगर भन्सार कार्यालयको सभाहलमा उद्योगी व्यावसायीहरु, भन्सार एजेन्टहरु तथा सरोकारवालाहरु बीच छलफल, अन्तर्क्रिया तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको ।
- साना तथा मझौला व्यापार संघको आमन्त्रणमा मारवाडी सेवा समितिको सभाहलमा निकासी पैठारी सँकेत नम्बर (EXIM Code) कार्यविधि सम्बन्धी छलफल तथा अन्तर्क्रिया सम्पन्न भएको ।
- EXIM Code कार्यान्वयनमा आएपछि देखिन सक्ने प्राविधिक समस्याहरु तत्काल निराकरण गर्ने गरी प्राविधिक समिति गठन गर्नुका साथै विभिन्न क्षेत्रमा भएको छलफल तथा अन्तर्क्रिया कार्यक्रमहरुको समिक्षा गर्दै कार्यविधिमा आवश्यक संशोधन समेतको सिफारिस गर्ने गरी EXIM Code कार्यान्वयन कार्यसमितिको बैठक सम्पन्न भएको ।

**(च) सूचना अधिकारीको नाम र पदः- कुलराज ज्ञवाली, निर्देशक**

**(छ) ऐन, नियम, विनियम र निर्देशिकाहरुको सूचीः-**

**ऐनहरुको सूचीः**

- भन्सार ऐन, २०६४
- सालवसाली आर्थिक ऐनहरु
- विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९
- सार्वजनिक खरिद ऐन, २०६३
- करार ऐन, २०५६
- निकासी पैठारी नियन्त्रण ऐन, २०१३
- राजस्व चुहावट नियन्त्रण ऐन, २०५२
- मू.अ.कर ऐन, २०५२
- अन्तःशुल्क ऐन, २०५८
- वातावरण संरक्षण ऐन, २०५३

**नियमहरुको सूचीः**

- भन्सार नियमावली, २०६४

- विदेशी विनिमय नियमहरु, २०२०
- सार्वजनिक खरिद नियमावली, २०६४
- निकासी पैठारी नियमहरु २०३४
- राजस्व चुहावट (अनुगमन तथा नियन्त्रण) नियमावली २०७०
- मू.अ.कर नियमावली २०५३
- अन्तःशुल्क नियमावली २०५९

**विनियम, निर्देशिका वा आदेशहरुको सूचीः**

- जाँचपास पछिको परीक्षण कार्यविधि २०७२
- न्यून विजकीकरणको सामान खरिद गर्ने निर्देशिका, २०६६
- कर्मचारी सरुवा निर्देशिका २०७१
- भन्सार मूल्यांकन निर्देशिका २०६८
- भन्सार कार्यविधि, २०६७
- भन्सार कार्यालयवाट जाँचपास भएका मालवस्तुहरु सीलबन्दी कन्टेनरवाट ढुवानी गर्ने र ढुवानी साधन पैठारी गर्न प्रकृया सम्बन्धी कार्यविधि, २०७१
- नीजि गुण्टा झिटी भारी सम्बन्धी सूचना २०७१ र २०७३
- निकासी पैठारी सम्बन्धी वाणिज्य तथा आपूर्ति मन्त्रालयको नेपाल राजपत्रमा मिति २०६६/०७/१६ मा प्रकाशित सूचना ।
- भन्सार विभागको प्रयोगशालाको संक्षिप्त कार्यविधि - २०७१
- UN Convention against Tariff in Narcotic Drugs and Psychotropic substances, 1998.
- Single Convention on Narcotics Drugs, 1961
- Convention on International Trade in Endangered Species of Wild Fauna and Flora (CITES)
- WCO GATT Valuation Guidelines
- WCC SAFE Framework Guidelines
- WCC PCA Guidelines Volume I
- WCC PCA Guidelines Volume II
- WCO HS Classification and Nomenclature
- परिपत्र संग्रह

**(ज) आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरणः-**

| | शिर्षक नं. | निकासा |
|---|---|---|
| श्रावण देखि चैत्र महिनासम्म चालु तर्फ | ३०५०१८३ | रु. ६२८६०३८४।८८ |
| श्रावण देखि चैत्र महिनासम्म चालु तर्फ | ३०५३२१३ | रु. १९३७६७७५।२७ |
| श्रावण देखि चैत्र महिनासम्म पुंजीगत तर्फ | ३०५०१८४ | रु. १८१३६७४।०० |
| श्रावण देखि चैत्र महिनासम्म पुंजीगत तर्फ | ३०५३२१४ | रु. १४७२८९७०३।०० |

**श्रावण देखि चैत्र महिनासम्म कूल राजस्व आम्दानी रु. १९०८४९९१३०००।००**

(विभाग अन्तर्गत कार्यालयहरुको अभिलेख अनुसार)